का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० माघ २०८०,
शनिबार
3 February 2024,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३६० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# जब कारबाही अघि बढ्छ तब शीर्ष भेटघाट बाक्लिन्छ !

शीर्ष नेताहरुबीच पछिल्लो समय भेटघाट बाक्लिनुको कारण बाँसबारी छालाजुत्ता कारखानाको सरकारी जग्गा विवादमा विनोद चौधरीका भाइ अरुण चौधरीसहितका व्यक्ति पक्राउ पर्नु र टेरामक्स प्रकरणमा एमाले र कांग्रेसका नेताहरुको नाम मुछिएको सार्वजनिक हुनु रहेको आशंका गरिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

बाँसबारी छाला जुत्ता कारखानाको सरकारी जग्गा विवादका सन्दर्भमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानका आधारमा आरोपित र शंकास्पद व्यक्तिहरु पक्राउ परेसँगै राजनीतिक दलका शीर्ष नेताहरुको भेटघाट बाक्लिएको छ ।

स्रोतका अनुसार उद्योगी अरुण चौधरीसहित तीन जनालाई सिआइबीले नियन्त्रणमा लिएसँगै बिहीबार साँझ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न उनकै निवास वालुवाटार गए । झण्डै एक घण्टा प्रधानमन्त्री प्रचण्डसँग भेटेका देउवा त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न सितलनिवास पुगे । बिहीबार राति नै कांग्रेस सभापति देउवाले पूर्व राष्ट्रपति विद्या भण्डारी समेतलाई भेटेका छन् ।

शुक्रबार बिहानै प्रधानमन्त्री प्रचण्डलाई भेट्न एमाले अध्यक्ष केपी शर्मा ओली सिंहदरबारस्थित उनकै कार्यकक्ष पुगे । भेटपछि एमाले अध्यक्ष ओलीले संक्रमणकालीन न्यायलाई छिटो टुंगोमा पुऱ्याउने विषयमा छलफल भएको जानकारी दिए ।

नेताहरुका अनुसार शीर्ष नेताहरुबीच पछिल्लो समय भेटघाट बाक्लिनुको कारण बाँसबारी छालाजुत्ता कारखानाको सरकारी जग्गा विवादमा विनोद चौधरीका भनइ अरुण चौधरी सहितका व्यक्तिहरु पक्राउ पर्नु र टेरामक्स प्रकरणमा एमाले र कांग्रेसका नेताहरुको नाम मुछिएको सार्वजनिक हुनु हो ।


विगतमा पनि जब कुनै पनि अनियमितताको सम्बन्धमा अनुसन्धान भएर कारबाही अघि बढ्छ तब शीर्ष भेटघाट बाक्लिने गर्दथे । नक्कली भुटानी शरणार्थी प्रकरणमा बालकृष्ण खाँण र टोपबहादुर रायमाझी पक्राउ परेसँगै शीर्ष नेताहरुबीच निकै बाक्लो भेटघाट हुने गर्दथे । यो प्रकरणमा अन्य आरोपित व्यक्तिहरु समेत कारबाहीमा तानिन सक्ने आशंकाबीच नक्कली भुटानी शरणार्थी प्रकरण अगाडि बढेको थियो । तर आशंका गरिएका वा आरोपित थप व्यक्तिहरु पछि अनुसन्धानमा तानिएनन् ।

ललिता निवास प्रकरणका सन्दर्भमा पनि पूर्वप्रधानमन्त्रीहरुकै नाम मुछिएपछि पनि शीर्ष नेताहरुबीच भेटघाट बाक्लिएको »» पृष्ठ २ मा



## विनोद चौधरीको गुनासो सरकारले प्रतिसोध साँध्यो

बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी सरकारी जग्गा हत्याएको विषयमा आफू समेत अनसन्धानको घेरामा परेपछि विनोद चौधरीले प्रतिवाद गरेका छन् । शुक्रबार बसेको नेपाली कांग्रेसको संसदीय दलको बैठकमार्फत उनले पार्टीको समेत ध्यानाकर्षण गराएका छन् । सरकारी जग्गा निजी कम्पनीको बनाएको आरोपमा भाइ अरुण पक्राउ परेपछि उनका दाजुसमेत रहेका व्यवसायी एवं कांग्रेस सांसद विनोद चौधरीले पार्टीको ध्यानाकर्षण गराएका हुन् । शुक्रबार संसद भवन नयाँ बानेश्वरमा बसेको संसदीय दलको बैठकमा चौधरीले आफूहरुमाथि प्रतिशोध साधिएको गूनासो गरे । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र गृहमन्त्री नाराणकाजी श्रेष्ठको नामै लिएर आफू र आफ्नो परिवारमाथि प्रतिशोधपूर्ण साधिएको जिकिर गरेका हुन् । 'प्रधानमन्त्री र गृहमन्त्रीज्यूले म र मेरो परिवारमाथि प्रतिशोध साध्नुभएको छ । यस्ता कार्यले अन्य व्यवसायीको समेत मनोबल खस्किन्छ' चौधरीले भनेका छन् । कांग्रेस प्रमुख सचेक रमेश लेखकले अरुण चौधरी पक्राउ परेकोबारे संसदीय दलको बैठकमा सांसद विनोद चौधरी आफ्नो कुरा राखेको जानकारी दिए । यस विषयमा कांग्रेसले ठोस धारणा नबनाएको प्रमुख सचेतक लेखकको भनाइ रहेको छ ।



प्रधानमन्त्री र गृहमन्त्रीज्यूले म र मेरो परिवारमाथि प्रतिशोध साँध्नुभएको छ । यस्ता कार्यले अन्य व्यवसायीको समेत मनोबल खस्किन्छ ।

**विनोद चौधरी**
**व्यवसायी एवम् कांग्रेस सांसद**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि:शुल्क वाईफाई प्रयोग नगरौं ।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं ।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संसदमा अब संसदीय क्यालेन्डर

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

संघीय संसदमा संसदीय क्यालेन्डर लागू हुने भएको छ । शुक्रबार बसेको सभामुख देवराज घिमिरे र संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरुको बैठकले संसदीय क्यालेन्डर लागू गर्ने निर्णय गरेको हो ।

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीका अनुसार बैठकमा सभामुख घिमिरेले प्रस्तावित संसदीय क्यालेन्डर प्रस्तुत गरेका थिए । प्रस्तावित क्यालेन्डरमा नियमित रुपमा संसदका गतिविधि रहने उल्लेख थियो । सातामा तीन दिन सभाको बैठक चलाउने र तीन दिन संसदीय विषयगत समिति चलाउने प्रस्ताव छ ।

संघीय संसदको हिउँदे अधिवेशन यही माघ २२ गतेबाट सुरू हुँदैछ । यो अधिवेशनमा संसदीय क्यालेन्डर बनाएर लागू गर्ने पनि सभामुख र राजनीतिक दलका सचेतक र प्रमुख सचेतकहरुको निर्णय छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारका अनुसार संसदीय क्यालेन्डर लागू गर्ने विषय र संसदीय क्यालेन्डरको स्वीकृति प्रतिनिधि सभाको कार्य व्यवस्था परामर्श समितिको बैठकले औपचारिक रुपमा गर्नेछ ।

संसदीय क्यालेन्डर लागू भएपछि कानुन निर्माणमा नयाँ थिति बस्ने विश्वास आफूहरुलाई रहेको उनले बताए । उनले थपे, 'संसदको कामकारबाही आकस्मिक रुपमा समेत आउने हुन्छन् । तर, विधेयकलगायतका सन्दर्भमा संसदीय क्यालेन्डर लागू भएपछि एक खालको थिति बस्छ भन्ने विश्वास छ ।' पहिलो पटक संसदका »» पृष्ठ २ मा



संसदको कामकारबाही आकस्मिकरुपमा समेत आउने हुन्छन् । तर विधेयक लगायतका सन्दर्भमा संसदीय क्यालेन्डर लागू भएपछि एक खालको थिति बस्छ भन्ने विश्वास छ ।

**सन्तोष परियार**
**प्रमुख सचेतक, रास्वपा**

### वैदेशिक रोजगार विशेष

## विदेशी कामदारको स्वास्थ्य परीक्षणमा कडाइ गर्न मलेसियन रोजगार एजेन्सीको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ माघ

मलेसियाले आफ्नो मुलुकमा आउने विदेशी कामदारमा सुषुप्त अवस्थामा रहने सरुवा रोगका जीवाणुविरुद्धको अभियानलाई तीव्र पारेको छ । मलेसियाको रोजगार एजेन्सी संघ (पापा)ले मलेसिया आउने विदेशी कामदारहरुले सरुवा रोगका बारेमा मलेसियामा विदेशी कामदारको स्वास्थ्य परीक्षण गर्ने फोमेमाले जस्तै कडाइका साथ स्रोत मुलुकमै स्वास्थ्य परीक्षण गराउनुपर्ने बताएको छ ।

रोजगारीका लागि मलेसिया जाने कामदार हरुको प्रि-डिपार्चर मेडिकल स्क्रिनिङ गर्दा सरुवा रोगहरुको परीक्षण गर्नुपर्ने पापाले बताएको छ । पापाका उपाध्यक्ष सुरेश तानले मलेसियामा हुने फोमेमा मेडिकल परीक्षण अन्तिम भएकाले कामदारहरुलाई मलेसिया जान भिसा प्रक्रियाका लागि अनुमति दिनुअघि स्रोत मुलुकमा पनि चेकलिस्ट अनुसारको रोगहरुको अनिवार्य स्क्रिनिङ अपनाउनुपर्ने बताए ।

तानले फरेन वर्कर्स सेन्टरलाइज्ड सिष्टमअन्तर्गत अध्यागमन विभागले स्रोत देशहरुमा रोजगार एजेन्सीहरुका लागि मलेसियाली दूतावासहरुमार्फत मेडिकल सेन्टरहरुको सूची उपलब्ध गराउने र कामदारहरुको प्रि-डिपार्चर स्वास्थ्य परीक्षण गर्नुपर्ने बताए । उनले फोमेमालाई स्रोत देशमा मान्यता प्राप्त स्वास्थ्य संस्थाहरुमा अनिवार्य स्वास्थ्य जाँचहरु उपलब्ध गराउन समेत आग्रह गरे ।

फोमेमाका अनुसार गत वर्ष सन् २०२३ मा देशमा विदेशी कामदारमा क्षयरोगका ६ हजार ४ सय १३, हेपाटाइटिस 'बी' का ३ हजार ३ सय ४७, सिफिलिसका ९ सय ६०, एचआइभीका ४ सय ४७, औलोका २२ र कुष्ठरोगका तीन जना बिरामी फेला परेका थिए ।

### कुवेतले 'साहेल' एपमार्फत पार्ट-टाइम श्रम स्वीकृतिका लागि तोक्यो शुल्क

**चन्द्र गोतामे/मध्यान्ह**
कुवेत, १९ माघ

कुवेतले 'साहेल' एपमार्फत पार्ट-टाइम श्रम स्वीकृतिका लागि शुल्क तोकेको छ । जनशक्तिका लागि सार्वजनिक प्राधिकरण (पीएएम)ले साहेल एपमार्फत पार्ट-टाइम कार्य अनुमति प्राप्त गर्न सेवा शुरु गरेको अल-सेयसाह दैनिकमा समचार छ । कुवेतमा श्रम बजारको माग अनुसार रोजगारदाताहरूको लागि जनशक्ति पूरा गर्न र जनसांख्यिकीय असन्तुलनको समस्यालाई मध्यनजर गर्दै यहाँ कार्यरत रहेका कामदारहरूबाट लाभान्वित हुने प्रक्रियालाई सहज बनाउन, श्रम बजारलाई व्यवस्थितका लागि पार्ट-टाइम कामको अनुमति दिन लागिएको हो ।

पार्ट-टाइम कामका लागि अनुमति प्राप्त गर्न आफूले काम गरिरहेको कम्पनीको रोजगारदाताबाट स्वीकृति लिनुपर्ने, अनुबन्ध क्षेत्रबाहेक बढीमा »» पृष्ठ २ मा

## समस्या कर्णालीमा, छलफल च्यासलमा

नेकपा एमाले कर्णाली प्रदेशमा देखिएको मतभेद हल गर्न केन्द्रीय कार्यालय च्यासलमा तीन दिनदेखि छलफल चलिरहेको छ । तर कर्णालीमा गुटगत गतिविधि रोकिएको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ माघ ।

नेकपा एमाले सुर्खेतका अध्यक्ष अमृतबहादुर बिसीले शुक्रबार एक बक्तव्य जारी गरेर पार्टी अधिवेशनसँग सम्बन्धित कुनैपनि गतिविधि नगर्न आग्रह गरेका छन् । बुधबार मात्रै अध्यक्ष बिसीले जिल्ला अधिवेशन स्थगित गरेको जानकारी पत्रकार सम्मेलनमार्फत् दिएका थिए । त्यसैबेला अध्यक्ष बिसीले अधिवेशनसँग सम्बन्धित समिति र उपसमितिहरु विघटन गरेका थिए ।

तर आफ्नो उपस्थिति बेगर पार्टी जिल्लाका अरु नेताहरुको बैठक चलिरहेको भन्दै आपत्ति जनाएका छन् । तर अरु पदाधिकारीले भने पार्टीको निर्णय बिपरीत अध्यक्ष बिसीले निर्णय लिएको भनेर उल्टै आपत्ति जनाएका छन् ।

नेताहरुका अनुसार, सुर्खेतमा देखिएको मतभेद सिंगो कर्णाली प्रदेशकै राजनीतिसँग जोडिएको छ । स्थायी कमिटी सदस्य यमलाल कँडेल र प्रदेश अध्यक्ष गुलाबजंग शाहको निर्देशनमा सुर्खेतका अरु पदाधिकारीले गतिविधि गरिरहेका छन् । तर अध्यक्ष बिसीले पार्टी केन्द्रकै अध्यक्ष केपी शर्मा ओलीकै संकेतमा आफूखुसी जिल्ला अधिवेशन स्थगित गर्नेदेखि बक्तव्य जारी गरेर चेतावनी दिइरहेका छन् ।

सुर्खेतमा अध्यक्ष बिसीले अधिवेशन स्थगित गर्ने, उपसमितिहरु खारेज गर्ने र बक्तव्य जारी गरेर गतिविधि गर्न चेतावनी दिइहँदा राजधानी काठमाडौं अध्यक्ष ओलीले कर्णालीका नेताहरुसँग छलफल गरिरहेका छन् । कर्णालीका इन्चार्ज एवं पार्टी सचिव लेखराज भट्ट, स्थायी कमिटी सदस्य कँडेल, प्रदेश अध्यक्ष शाह सहित कर्णालीबाट केन्द्रीय कमिटीमा प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यहरुसँग ओलीले छलफल गरिरहेका छन् ।

केन्द्रीय कार्यालय च्यासलमा बिहीबार अध्यक्ष ओलीले चेतावनीयुक्त निर्देशनबाट छलफल थालेका थिए । ओलीले आफ्नो निर्देशन बिपरीत कँडेल र प्रदेश अध्यक्ष शाहले गतिविधि गरिरहेकोमा आपत्ति जनाएका थिए ।

आफू सहभागी हुनेगरी सुर्खेत जाँदा प्रदेश अधिवेशन नराख्ने, केन्द्रीय कमिटीले दिएको निर्देशन अनुसार प्रदेश उपसचिवमा पद्मा खड्कालाई शपथ नगराउने जस्ता गतिविधिप्रति »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० माघ २०८०, शनिबार
3 February 2024, Saturday

# 'सुशासन, सामाजिक न्याय र समृद्धिका लागि सुरक्षा व्यवस्था सुदृढ गर्न आवश्यक'



**काठमाडौं/मस–** उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल सरकारले लिएको 'सुशासन, सामाजिक न्याय र समृद्धि' को लक्ष्य हासिल गर्न स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन महत्वपूर्ण आधार भएको बताएका छन् ।

नेपाल सरकार गृह मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको आयोजनमा विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौति र आगामी कार्यभार लगायतका विषयमा शुक्रबारदेखि पोखरामा शुरु भएको गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी, २०८० को उद्घाटन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले नागरिक सरोकारका सेवाको प्रभावकारी व्यवस्थापन गर्दै राज्यले लिएको आर्थिक, सामाजिक र भौतिक विकासको लक्ष्य पूरा गर्न सुरक्षा व्यवस्था सुदृढ गर्न आवश्यक रहेको बताए ।

गृहमन्त्री श्रेष्ठले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा सुरक्षा तथा राज्यका सबै निकायहरुको अहम् दायित्व रहेको बताउँदै संविधान र कानुनले व्यवस्था गरे बमोजिम मात्र निर्दिशत हुने, संस्थागत एवं व्यावसायिक समन्वय र सहकार्यलाई प्रवर्धन गर्ने, सामूहिक एवम् व्यक्तिगत जवाफदेहिताको संस्कृति निर्माण गरी नागरिक पहिले भन्ने सिद्वान्त अनुकूल कार्य गर्न उनले निर्देशन दिए ।

संघीय व्यवस्थाको कार्यान्वयन सँगै नयाँ नयाँ अवसर तथा चुनौतिहरू देखापरेको बताउँदै गृहमन्त्री श्रेष्ठले भने, 'शासकीय प्रणाली तथा प्रविधिमा हुने परिवर्तनले सामाजिक जीवनका विविध आयामहरूमा समेत प्रभाव पारेको हुन्छ जसलाई सुरक्षाका दृष्टिकोणबाट हेर्‍यो भने हिजोका समस्या, सम्भावना तथा चुनौतिहरु आज नहुन सक्छन् वा भिन्न रुपमा प्रकटित हुन सक्दछन् त्यसैले हाम्रा नीति, कार्यक्रम, आन्तरिक क्षमता समेत त्यसै अनुरुप निरन्तर समायोजन गर्दै जानुपर्ने आवश्यकता रहन्छ ।' तहगत सरकारका निकायहरू बीचको समन्वय बढाउँदै स्थानीय प्रशासन र सुरक्षा निकायको परिचालनलाई थप प्रभावकारी बनाउन यस प्रकारका अन्तरक्रियात्मक कार्यशाला गोष्ठीको विशेष महत्व हुने उनले विश्वास व्यक्त गरे ।

गृह प्रशासनको पहिलो प्राथमिकता एवम् नागरिकको प्रमुख अपेक्षा सुशासन, शान्ति र सामाजिक सुव्यवस्था कायम नै रहेको उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले सुशासन, स्थिरता र विकासका लागि मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा निरन्तर कार्य गरिरहेको बताए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा भारतसँग र चीनसँग जोडिने सीमा नाका रहेपनि त्यसको अपेक्षित लाभ लिन नसकिएको उल्लेख गर्दै संघीयताको कार्यान्वयन गर्नु सबैको साझा दायित्व भएको बताए । गण्डकी प्रदेश विपद् जोखिमयुक्त प्रदेश पनि भएको बताउँदै उनले विपद् जोखिमको सामना गर्न सुरक्षाकर्मीलाई त्यही किसिमको साधनस्रोत आवश्यक हुनुपर्नेमा उनले जोड दिए ।

गोष्ठीमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले गुण्डागर्दी, अराजक भीड र सामाजिक अपराध नियन्त्रण गर्नु अहिलेको अर्को सुरक्षा चुनौति भएको उल्लेख गर्दै सामाजिक सञ्जालको दुरूपयोग गरी धार्मिक तथा जातीय अतिवाद बढाउने तथा सहिष्णु समाजको सदभावमा विग्रह ल्याई निहित स्वार्थ पूरा गर्ने गतिविधि नियन्त्रण गर्ने स्पष्ट कार्ययोजना बनाएमा मात्र प्रहरीलाई सेवा प्रावहमा सहज हुने बताए ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, गण्डकी प्रदेश अन्तर्गत विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू एवम् प्रदेश अन्तर्गत प्रहरी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको उक्त गोष्ठीमा गृह मन्त्रालयका सचिव दिनेश भट्टराई, प्रदेश सचिव यमुना प्रधान लगायतले गोष्ठी सम्बन्धमा प्रकाश पारेका थिए । दुई दिवसीय उक्त गोष्ठी शनिबार सम्पन्न हुनेछ ।

# 'विश्वव्यापी प्रभावबाट नेपाली साहित्यजस्तै चिनियाँ साहित्य पनि प्रभावित'



**काठमाडौं/मस–** नेपाल प्रज्ञा-प्रतिष्ठान प्रतिष्ठानका कुलपति भूपाल राईले विश्वव्यापी प्रभावबाट नेपाली साहित्य जस्तै चिनियाँ साहित्य पनि प्रभावित भएको बताएका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठान, अरनिको समाज र विश्व चीन शास्त्र केन्द्र (पेइचिङ) को संयुक्त रूपमा राजधानीमा आयोजित चिनियाँ साहित्यकार हरूको स्वागत तथा नेपाल-चीन साहित्यिक अन्तरक्रिया कार्यक्रममा कुलपति राईले उक्त कुरा बताएका हुन् । कार्यक्रममा चीन अल्पसंख्यक जातिय साहित्य अध्ययन संस्था' का उपाध्यक्ष चाउ यान्पियाउको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले उक्त अन्तरक्रियामा भाग लिएको थियो । प्रतिष्ठानको देवकोटा सभाकक्षमा आयोजना गरिएको सो अन्तरक्रिया कार्यक्रमको अध्यक्षता प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले गरेका थिए । उनले चिनियाँ साहित्यकारहरूलाई खादा लगाएर आतिथ्य सत्कार गरेका थिए ।

कुलपति राईले अन्तरक्रियालाई सम्बोधन गर्दै अनुवादको माध्यमबाट मात्रै कुनै पनि देशको भाषा, साहित्य, संस्कृति र भूगोललाई बुझ्न सकिन्छ । त्यसैले चिनियाँ साहित्यलाई नेपाली भाषामा र नेपाली साहित्यलाई चिनियाँ भाषामा अनुवाद गरेर अघि बढ्नुपर्नेमा जोड दिएका थिए । उनले विश्वव्यापी प्रभावबाट नेपाली साहित्य जस्तै चिनियाँ साहित्य पनि प्रभावित भएको देखिन्छ । अर्को कुरा नेपाली साहित्य र चिनियाँ साहित्यको प्रवृत्ति कतिपय मिल्दोजुल्दो रहेको बताएका थिए ।

यसैगरी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले आफू चिनियाँ साहित्यबारे परिचित भएको बताएका थिए । तत्कालीन चिनियाँ समाजको विकृति र विसङ्गतिबारे व्यङ्ग्यात्मक ढंगले चीनका महान् साहित्यकार लुसुनको लेखनबाट आफू प्रभावित भएको चर्चा गरेका थिए ।

यसैगरी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले स्वागत मन्तव्यका क्रममा कविताबाट नेपाली साहित्यको सुरुवात भययता २५० वर्ष लामो इतिहास रहेको चर्चा गरेका थिए । नेपाली साहित्य वीर धारा, भक्ति धारा, श्रृंगारधारा र आधुनिक धारासम्म आइपुगेको बताएका थिए । नेपालमा गणतन्त्र आएपछि भौगोलिक, साँस्कृतिक र जातिय पहिचानको स्वत्वलाई आत्मसात् गरेर नवीनतम् साहित्य सिर्जना हुने गरेको बताए ।

यसैगरी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्यहरू बाबा बस्नेत, डा.कौशिला रिसाल, अमर न्यौपाने, त्रैलोक्यमान बनेपाली 'अगिव', हंसावती कुर्मी र प्राज्ञसभा सदस्य डा.बालाकृष्ण अधिकारीले उक्त अन्तरक्रियामा आ-आफ्नो धारणा राखेका थिए ।

नेपाल प्रज्ञा-प्रतिष्ठान प्रतिष्ठानका प्राज्ञ सभा सदस्य चेतनाथ धमलाले पठाउनु भएको जानकारीका अनुसार सो कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै नेपाली र चिनियाँ साहित्यकारबीच दोभासे तथा सहजीकरणको भूमिका निर्वाह अरनिको समाजका प्रथम उपाध्यक्ष डा.सर्वोत्तम श्रेष्ठले गरेका थिए । यस क्रममा उनले अनुवाद कार्य आफैंमा गाह्रो काम रहेको बताए । उनले चिनियाँ र नेपाली भाषालाई एक आपसमा अनुवाद गरेर कार्यक्रमलाई फलदायी बताएका थिए ।

यसै क्रममा चिनियाँ प्रतिनिधि मण्डलका नेतृत्वकर्ता तथा चीन अल्पसंख्यक जातिय साहित्य अध्ययन संस्थाका उपाध्यक्ष चाउ यान्पियाउले कार्यक्रमलाई सम्बोधन गर्दै हिमालय चाइना फोरमको कार्यक्रममा भाग लिन आइपुगेको बताए ।

यसैक्रममा चीन सरकारद्वारा अनुदान प्राप्त स्मारक र भौतिक पूर्वाधारको अवलोकन सँगसँगै नेपाली भाषा, साहित्य र संस्कृतिका बारेमा बुझ्ने अवसर प्राप्त भएकोमा आफूलाई गौरवको अनुभूति भएको बताए । उनले कतिपय साहित्यकारहरू साहित्य सिर्जनाको माध्यमबाट चीनमा पनि आत्मनिर्भर हुने अवस्था नरहेको संकेत गर्दै चिनियाँ साहित्यको प्रवृत्ति र लेखन परम्पराबारे प्रष्ट पार्दै नेपाली साहित्यिक कृतिलाई चिनियाँ भाषा र चिनियाँ भाषाका साहित्यिक कृतिलाई नेपाली भाषामा अनुवाद गर्न एकआपसमा तत्पर रहनुपर्ने बताए ।

# मनोरञ्जन कर तिर्न महानगरको ताकेता




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिका राजस्व विभागले क्लब, दोहोरी तथा बारहरूलाई मनोरञ्जन कर तिर्न पत्राचार गरेको छ । यसपटक महानगरले ठमेल क्षेत्रमा मनोरञ्जन व्यवसाय गर्नेलाई कर तिर्न ताकेता गरेको हो ।

प्रदेश सरकारको आर्थिक ऐनले दोहोरी साँझ, डान्स बार, नाइट क्लबलाई मनोरञ्जन कर लगाउने व्यवस्था गरेको छ । यो व्यवस्था सालबसाली ऐनमा उल्लेख भएबमोजिमको दरमा लाग्ने राजस्व विभागका प्रमुख ध्रुवकुमार काफ्लेले जानकारी दिए ।

'हामीले १५ दिनको समय दिएर पत्र पठाएका छौं । यस अवधिमा कर तिर्नुभएन भने काठमाडौं महानगरपालिका आर्थिक ऐनको दफा २१ बमोजिम कारबाही हुनेछ । यसमा आपत्कालीनबाहेकका सेवा सुविधा बन्द गर्ने, व्यवसाय बन्द गर्ने र सरकारी बाँकीसरह असुल गर्नेसम्मका व्यवस्था छन्' उनले भने । यी मनोरञ्जनस्थलमा प्रवेश गर्ने प्रतिटिकट पाँच प्रतिशत मनोरञ्जन कर लाग्ने व्यवस्था रहेको छ ।

महानगरपालिकाले पत्राचार गरेको क्लब, दोहोरी तथा बारहरू जेपी रोडको रिफ्रेस डान्स बार, क्षेत्रपाटीको नटराज डान्स बार, पकनाजोलको आरके डान्स बार, फायर चोकको कारटार क्लब, ड्रिडक होस्टन डान्स बार, होनी वी डान्स बार, नरसिंह चोकको स्कुटी क्लब, ओलो क्लब, डेला सोलबार, नमस्ते पप बार, द क्लब हाउस, घामछायाँ रोधी क्लब, बेबो डान्स बार, टकिला डान्स बार, क्विनमहल डान्स बार, बज्र डान्स बार, सञ्चयकोष चोकको ओमनिया क्लब, भिआइपी क्लब, नसा डान्स बार, मिडनाइट डान्स बार, ज्याठाको चाहना डान्स बार र अमृत मार्गको ड्रागन डान्स बारलाई कर तिर्न पत्राचार गरेको हो ।

यस्तै ठमेल क्षेत्रका एलओडी क्लब, क्लाइमेट क्लब, पोताला क्लब, टेनएक्स क्लब, फूलमुन क्लब, सफर क्लब, काराओके, टप राजधानी दोहोरी, मुजुरा डान्स बार, ठमेल डान्स बार, डान्सिङ याक बार, वियरवार डान्स बार, भगवती मार्गको रोज डान्स बार, स्काई डान्स बार, चाक्सीबारी मार्गको अमिर डान्स बारलाई पनि पत्राचार गरिएको महानगरले जनाएको छ । यस्तै गल्कोपाखाका गुन्यूचोली दोहोरी, अल्फाबिटा बारलाई पत्र पठाइएको छ । ठमेल क्षेत्र लक्षित मनोरञ्जनात्मक व्यवसाय गर्ने साम्स बार, दुनियाँ बार, टिफिने बार र एच ट्वान्टी बार क्लब रहेका छन् ।

यस्तै काठमाडौं महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका पेट्रोलपम्पमा पहिचान तथा एकरुपताका लागि पहेँलो रङ लगाइने भएको छ । काठमाडौं महानगरपालिकाको सम्मन्वयमा पेट्रोलपम्प सञ्चालक, सरोकारवाला संघसंस्था तथा निकायका प्रतिनिधिको बैठकले उक्त निर्णय गरेको हो । काठमाडौं महानगर क्षेत्रमा ४९ वटा पम्प रहेका छन् । पहिलो चरणमा फागुन पहिलो सातासम्म नमूनाका रूपमा चारवटा पम्पमा पहेँलो रङ लगाइने छ । त्यसपछि अन्य पम्पमा रङ लगाईंदै जाने महानगरको तयारी छ ।

बैठकले पेट्रोलपम्पमा सेवाग्राहीलाई निःशुल्क शौचालय उपलव्ध भएको जानकारीमूलक बोर्ड झुन्ड्याउने, पम्पमा इन्धन भर्ने व्यक्तिले खैरो रङको व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ) लगाउने र पम्प परिसरलाई हरियाली बनाउने निर्णय गरेको नगर प्रहरी उपरीक्षक विष्णुप्रसाद जोशीले जानकारी दिए ।

# दैनिक एक लाख थान पुस्तक छापिँदै



**काठमाडौं/मस–** आगामी शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले एक करोड १९ लाख थान पाठ्यपुस्तक छपाइ सम्पन्न गरेको छ ।

आउँदो शैक्षिक सत्रका लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको केन्द्रले एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा अब ५५ लाख थान पाठ्यपुस्तक मात्रै छपाइ गर्न बाँकी रहेको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए । चालु शैक्षिक सत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिक सत्र सुरु हुने बित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुर्याउन सफल भएपछि यसवर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो ।

उनले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखिसकेको बताउँदै पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४ सै घण्टा चलिरहेको जानकारी दिए ।

उनले चैतदेखि पुस्तक वितरण सुरु गरी शैक्षिक सत्र सुरु हुँदा विद्यालय विद्यालयमा पुस्तक पुर्याएर विद्यार्थीको हातहातमा पुस्तक पुग्ने गरी तयारी गरेको बताउँदै कुनै हालतमा पनि पुस्तक अभाव नहुने र वितरणमा पनि ढिलाइ नहुने बताए ।

शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भने कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको भन्दै अबदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए केन्द्रले फागुनभित्रै पुस्तक पछाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्नसक्ने बताए ।

सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजीलाई नदिई केन्द्रलाई थप गरेको हो ।

पाठ्यक्रम विकास केन्द्रले कात्तिकमै शिक्षा मन्त्रालयमा पत्राचार गर्दै पुस्तक छपाइबारे छिटो निर्णय गर्न पत्राचार गरेको थियो। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गत मङ्सिर १२ मा केन्द्रमै बसेको बैठकमा प्रबन्धक निर्देशक झाले सरकारले यसबारेमा चाँडै निर्णय गरी १ देखि १२ सम्मको आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी केन्द्रलाई दिन माग गरेका थिए ।

केन्द्रले जिम्मेवारी पाउने आशामा कक्षा ३ का केही किताब छपाइसमेत गरिसकेका थियो। केही वर्ष अगाडिसम्म जनक शिक्षाले पुस्तक छपाइ र वितरणमा ढिलाई गरेर पाठ्यपुस्तकको अभाव भएको भन्दै विवादमा आइरहे पनि विगत तीन वर्षयता भने केन्द्रले पुस्तक छपाइ र वितरण समयमै सम्पन्न गरेको भन्दै प्रशंसा बटुलेको छ ।

## जब...

थियो । त्यसबेला राष्ट्रिय स्वतचन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहित नेताहरुले हरेक काण्ड आएपछि शीर्ष नेताहरुबीच भेटघाट बाक्लिने गरेको भनी व्यङ्ग्य गर्ने गरेको थियो ।

पछिल्लो समयमा पनि अनुसन्धानमा रहेका केही विषय अगाडि बढेपछि शीर्ष नेताहरुको भेटघाट बाक्लिएको हो । नेताहरुका अनुसार शीर्ष नेताहरुबीच बिहीबार र शुक्रबार भेटघाट बाक्लिनुको कारण पनि बाँसबारी छालाजुत्ता कारखानाको सरकारी जग्गा विवादमा विनोद चौधरीका भाइ अरुण चौधरी सहित व्यक्तिहरु पक्राउ पर्नु र टेरामक्स प्रकरणमा एमाले र कांग्रेसका नेताहरुको नाम मुछिएको सार्वजनिक हुनु हो ।

## संसदमा...

कामकारबाहीलाई व्यवस्थित गर्न संसदीय क्यालेन्डर लागू गर्न लागिएको हो । जसमा सरकार, सत्तारुढ दल र विपक्षी दलहरु सहमत भएका छन् ।

राष्ट्रिय सभाले पनि संसदीय क्यालेन्डर तयार पारेको छ । शुक्रबार बसेको राष्ट्रिय सभा कार्यव्यवस्था परामर्श समितिको बैठकले राष्ट्रिय सभाको आगामी हिउँदे अधिबेशनका लागि २०८० माघ र फागुन महिनाको संभावित कार्यतालिका स्वीकृत गरेको छ ।

बैठकले संसदको अधिबेशनको प्रारम्भ र अन्त्य हुने दिनका बारेमा संसदलाई पूर्व जानकारी गराएमा कार्यतालिका बनाउन सहज हुने निष्कर्ष पनि निकालेको छ ।

संसदको आउने अधिबेशनमा सरकारले कतिवटा, के कस्ता बिद्येयक दर्ता गराउने हो सो बिषयको जानकारी पनि संसद अधिवेशन प्रारम्भ हुनु भन्दा अगावै संसदलाई जानकारी दिन आग्रह गर्ने निर्णय बैठकले गरेको छ ।

## कुवेतले ...

चार घण्टामात्र काम गर्न पाइने, सम्बन्धित शुल्कको भुक्तानी- एक महिनाका लागि ५ केडी, तीन महिनाका लागि १० केडी, ६ महिनाका लागि २० केडी र एक वर्षका लागि ३० केडी शुल्क लाग्ने सर्तहरु राखिएका छन् ।कुवेती नागरिकहरूलाई भने यी सर्तहरू र शुल्कहरूबाट छुट दिइएको छ । उनीहरूले प्रतिस्पर्धात्मकताको सुरक्षासम्बन्धी कानूनअनुसार मूल रोजगारदाताको स्वीकृति लिएर पार्ट-टाइम कामका लागि आवेदन दिन सक्छन् ।

## समस्या...

चर्को आपत्ति जनाएका छन् । सँगै अध्यक्ष अब प्रदेश अध्यक्षको हैसियत पोलिटब्यूरो सदस्य नहुने समेत चेतावनी दिएका थिए ।

तर राजधानीमा ओलीले निर्देशनात्मक छलफल चलाइरहँदा कर्णालीमा गुटगत गतिविधि रोकिएको छैन । कर्णालीको यस्तो समस्या भने गत असोजमा सम्पन्न प्रदेश अधिवेशनबाट सुरु भएको थियो ।

त्यहाँ अध्यक्ष ओलीले मीनबहादुर शाहीलाई प्रदेश अध्यक्ष बनाउन निर्देशन दिएका थिए । तर स्थायी कमिटी सदस्य कँडेलले ओलीको निर्देशन मानेनन् । उनले शाहलाई अध्यक्ष बनाउनेगरी प्यानल बनाए । शाही पनि पछि हटेनन् ।

त्यसपछि ओली पक्षधर र इतर समूह गरी प्यानल बन्यो । कँडेल समूहबाट उम्मेद्वार बनेकाहरु अधिकांश निर्वाचित भए । बहुमत निर्वाचित भएपछि ओलीको निर्देशन भन्दा पनि फरक तरिकाले गतिविधि हुन थालेपछि प्रदेश कमिटी नै विघटन गर्ने समेत चेतावनी दिएका थिए ।

तर महासचिव शंकर पोखरेलले मध्यस्थता गरेर अहिले दुवै तर्फका नेताहरु सहित केन्द्रीय कार्यालय च्यासलमा छलफल चलिरहेको छ । नेताहरुका अनुसार, आज (शनिबार) पनि छलफल राखिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/१० मा दर्ता भएको **प्रा.लि. नं. २७५५७२** को **जनकपुर अटोल्याण्ड वर्कसप एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** को मिति २०८०/०९/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

**बहराइनमा रोजगार**

कम्पनीः 668 CAFE
शहरः Bahrain, Manama
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ | चलानी नं.: ६०२१४२७१ | L.T. No.: 299367

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | स. काममा दक्ष | 120 | ४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २७ गते (10 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

**Qatar मा रोजगार**

कम्पनीः SECTOR STEEL DOHA
शहरः DOHA
पुर्व स्वीकृत मितिः २०८०/१०/१९ | चलानी नं.: ६०२१४२६९ | LT. No.: 299369

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1200 | ४३,५९६ | | | | | | | |
| 3. | Weld Technician | 3 | 0 | | 1300 | ४७,२२९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २७ गते (10 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Euro-Asia Employment Service Pvt. Ltd.
Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

# कांग्रेसले जुनसुकै बेला प्रधानमन्त्री फाल्न सक्छ: महामन्त्री थापा

**राकेश यादव/मध्यान्ह**
रौतहट, १९ माघ

नेपाली कांग्रेसका महामन्त्री एवं पूर्व मन्त्री गगन थापाले पार्टीले मुलुकमा शासन व्यवस्था परिवर्तन गर्ने मुख्य भूमिका निर्वाह गरेको बताएका छन् ।

मेचीदेखि महाकाली सम्मको हुलाकी राजमार्ग अन्तर्गतको संवाद यात्रा अभियान अन्तर्गत शुक्रबार हुलाकी राजमार्गसँग जोडिएको स्थानीय तह परोहा नगर पालिकामा आयोजना गरिएको स्वागत कार्यक्रममा सम्बोधन गर्दै महामन्त्री थापाले कांग्रेसले अवस्था फेरिने कार्य गर्ने भूमिका निर्वाह गर्ने बताए ।

नेपाली कांग्रेस नेपालमा परिवर्तनको सम्बाहकको रुपमा अघि बढेकोले गुनासो, समस्या सुन्नको लागि कांग्रेसले समुदायमा कांग्रेस अभियान सञ्चालन गरिएको जानकारी दिँदै अभियानको क्रममा आएको समस्याको केन्द्रीय कार्य समितिको बैठकबाट सरकारको माध्यमद्वारा सम्बोधन गराउने प्रतिबद्धता जनाए ।



संवाद यात्राको क्रममा हुलाकी राजमार्ग निर्माणले विकासमा फड्को मारेको भएपनि सिँचाइको अभावले उत्पादनमा निकै कमी आएको पनि उनले उल्लेख गरे ।

नेपाली कांग्रेस संघीय सरकार तथा प्रदेश सरकारमा नेतृत्व गरिरहेकोले संवाद यात्राको क्रममा आएको गुनासो, समस्यालाइ विश्लेषण गर्दै सरकारको माध्यमद्वारा सम्बोधन गराउने जिम्मेवारी कांग्रेसको रहेको बताए ।

नेपाली कांग्रेसले नै पुष्प कमल दहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएकोले आगामी आर्थिक वर्षको लागि प्रस्तुत हुने बजेटमा तराई मधेशमा देखिएको सिँचाइको समस्या, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सुधार गरिएन भने कांग्रेसले जून सुकै बेला प्रधानमन्त्री फाल्न सकिने चेतावनी समेत दिए ।प्रजातन्त्रको लागि भएको संघर्षको केन्द्र बिन्दुको रुपमा रौतहट रहेको र कांग्रेसको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्वर्गीय नेता शेख इद्रीस भूमिमा आउँदा हर्षित भएको बताए । पूर्व मन्त्री थापाले कांग्रेसले शिक्षा, स्वास्थ्य, कृषि र युवाहरुको रोजगारीको सवालमा गम्भीर भएर अघि बढिरहेको बताउँदै जनताको चाहना अनुसार अवस्था परिवर्तन गर्न नेपाली कांग्रेस नै एक मात्र विकल्प रहेको जिकिर समेत गरे । जिल्ला सभापति सुनील कुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य अजय बाबु शिवकोटि, मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री कृष्णा प्रसाद यादव, निर्वाचन क्षेत्र नम्बर २ का प्रत्यासी डाक्टर फिरदोश आलम, जिल्ला सचिव रामचन्द्र गिरी, परोहा नगरपालिकाका मेयर शेख वकील लगायतले आफ्नो मन्तव्य राखेका थिए ।

# ग्रीनहाउसभित्र साग उत्पादन गरेर मनग्य आम्दानी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १९ माघ

हिउँद महिनामा ग्रीनहासभित्र साग उत्पादन गरेर हुम्लाकी एक महिलाले मनग्य आम्दानी गरेकी छन् । सिमकोट गाउँपालिका वडा ४ कि किसान प्रगति शाहीले विगत तीन वर्षदेखि दुई वटा ग्रीनहाउसमा तीन किसिमको साग उत्पादन गरेर दैनिक सिमकोट बजार ल्याएर साग बिक्री गर्दै आएको बताइन् । तीन वटा ग्रीनहाउसमा उनले कात्तिकदेखि जेठसम्म साग उत्पादन गरेर बेच्ने गरेको बताइन् । ग्रीनहासमा उनले रायो, सुइ साग, धनियाँ उत्पादन गर्ने गरेकी छन् । एक दिनमा सयदेखि एक सय ५० सागका मुठा ल्याउने गरेकी उनले प्रति मुट्ठा सागको ३० देखि ४० रुपैयाँसम्म बिक्री गर्ने गरेकी छन् ।



तीन वटा ग्रीनहास भएपनि सिँचाइको व्यवस्था नभएकाले पानी बोकेर ल्याउँदा सोचेजस्तो कमाई नभए पनि घर खर्च चलाउन, 'बालबालिकालाई कापी, कलम किन्न साग बेचेरै चलाउँदै आएको बताइन् । उनले भनिन् महिलाले घर खर्च चलाउन पुरुषको भर पर्नु भन्दा हिउँद महिना मात्र नभएर वर्षामा पनि तरकारी उत्पादन गरेर घर खर्च चलाउन सकिन्छ । त्यस्तै जिल्लामा महिला आर्थिक कमजोर हुन्छन् भन्ने अहिले आफू मात्र नभएर अधिकांश महिलाले साग बेचेर घर खर्च चलाउने गरेका छन् ।'

साग बेचेर छोरा,छोरीलाई जिल्ला बाहिर काठमाडौं पढाउँदै आएकी सिमकोट ६ कि किसान सानिमा रोकायाले पाँच वर्षदेखि हिउँदमा हरियो साग र बर्खामा तरकारी उत्पादन गर्दै आएको र त्यही बेचेर वार्षिक तीन देखि पाँच लाख कमाउँदै आएको बताइन् । उनले तरकारी बेचेर कमाको पैसाले दुई बच्चा काठमाडौं पढाउँदै आएकी छन् । उनले जिल्लामा उत्पादन गरेको साग, तरकारी भन्दा जिल्ला बाहिरबाट आएको साग, तरकारी महंगो हुने, विषादी प्रयोग गरेको हुनाले अहिले उपभोक्ताले पनि मध्यनजर गरेर जिल्लामै उत्पादन गरेको तरकारी किन्ने गरेको बताइन् । ग्रीनहाउस निर्माण गर्दा कुनै संस्थाको मुख ताक्नु भन्दा सुरुवातमा आफैंले दश हजार रुपैयाँ लगानी गरेर साग मात्र बिक्री गर्दा पनि आर्थिक आम्दानी हुने उनले बताइन् । जिल्लामा कात्तिक महिनादेखि हरियो साग बाहिर वातावरणमा नहुने र ग्रीनहासभित्र हुने भएकाले बर्खा भन्दा हिउँदमा सागबाट राम्रो कमाइ हुने गरेको देखिन्छ । स्थानीय सरकारले जिल्लाभित्र उत्पादन गरेको तरकारीलाई प्रोत्साहन र जिल्ला बाहिरबाट आउने तरकारीलाई बन्देज लगाउँदा अझै कृषि क्षेत्रमा राम्रो हुने जिल्लाका किसानहरुको भनाइ छ ।

# नेपाल पत्रकार महासंघ कतार शाखाको नेतृत्वमा श्रेष्ठ सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ माघ

नेपाल पत्रकार महासंघ कतार शाखाको आठौं अधिवेशन सम्पन्न भएको छ । नेपाली राजदूतावासको सभा हलमा शुक्रवार सम्पन्न अधिवेशनबाट आगामी ३ वर्षका लागि दिल कुमार श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसहमत चयन भएको छ । कार्यसमितिको उपाध्यक्षमा अर्जुन पौडेल, सचिव दिलीप पराजुली, सहसचिव शारदा भुजेल, कोषाध्यक्ष कुमार अविरल रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा उद्भव बहादुर मगर, टेकराज थापा, सन्तोष केसी र सावित्रा शर्मा रहेका छन् । नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलको प्रमुख आतिथ्यता रहेको अधिवेशन महासंघ कतार शाखाका अध्यक्ष करिम बक्स मियाँको अध्यक्षतामा सम्पन्न भएको हो ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरेलले विदेशमा बसेर नेपाली पत्रकारितामा गरेको योगदानको प्रशंसा गरेका थिए । उनले पत्रकारिताका न्यूनतम दायरा पुरा गरेर लेखन कार्यलाई गति दिनु पर्ने आवश्यकता औंल्याउँदै कतारले विकासमा मारेको फड्कोको बारेमा पनी लेख्न आग्रह गरे । अधिवेशनमा महासंघका केन्द्रीय सदस्यद्वय प्रदीप काफ्ले र ज्ञान प्रसाद पौडेल, नेपाली दूतावास कतारका नियोग उपप्रमुख कुमार राई, एनआरएनए आइसीसी, एनसीसी कतार, वैचारिक संगठनका विभिन्न ओहोदाका व्यक्तित्वहरूको विशेष आतिथ्यतासहित शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम संयोजक तथा संस्थाका उपाध्यक्ष दिल श्रेष्ठले स्वागत मन्तव्य राखेको अधिवेशनलाई सचिव अर्जुन पौडेलले सहजिकरण गरेका थिए ।

अधिवेशनको समापन गर्दै अध्यक्ष मियाँले मानिसको जीवन नत्थिङबाट शुरु भएर समथिङ हुँदै पुनः नत्थिङ हुने कुरा बुझ्न अति आवश्यक रहेको बताए । मियाँले कतारमा रहेका पत्रकारको संरक्षण गर्ने काम महासंघले गर्ने र त्यसको नेतृत्व आफूले ६ वर्षसम्म गर्दा धेरै उतारचढाव भोग्नु परे पनि पत्रकारका हकहितमा कार्यसम्पादन गर्ने भरपुर कोसिस गरेको बताए । दूतावासले हल उपलब्ध गराएर अधिवेशन गर्न सहज भएको बताउँदै धन्यवाद ज्ञापन गरे ।

# उपसचिव नेपाल भ्रष्टाचार मुद्दामा दोषी ठहर

**काठमाडौं/मस–** विशेष अदालतले घुस रकमसहित पक्राउ परेका सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन उपसचिव प्रमोद नेपाललाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले बुधबार उक्त प्रकरणमा रंगेहात पक्राउ परेका नेपाललाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गरेको हो । अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार इजलासले नेपाललाई एक वर्ष कैद सजाय र ६ लाख रुपैयाँ जरिवाना हुने फैसला सुनाएको हो ।

नेपालसँगै प्रतिवादी बनाइएका बीबी एयरवेजका तत्कालीन कार्यकारी अधिकृत हरिभक्त श्रेष्ठले भने सफाइ पाएका छन् । बीबी एयरवेजको इजाजतपत्र नवीकरणका लागि नेपालले रु १६ लाख घुस लिएको अख्तियार दुरुपयोग अनुसन्धानको ठहर थियो । बीबी एयरवेजका कार्यकारी अधिकृत श्रेष्ठले भने नेपाललाई घुस नभई सापटी दिएको बयान दिएका थिए ।

उपसचिव नेपाल २०७९ साउन १७ गते नागपोखरीस्थित होटल अरण्यको परिसरबाट साढे रु २२ लाख घुस रकमसहित पक्राउ परेका थिए । पर्यटन मन्त्रालयमा कार्यरत उपसचिव नेपाल त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तरका 'गोल्ड मेडलिष्ट' हुन् ।

# फतुवा विजयपुर नगरपालिकाको नगर सभा फागुनमा हुने



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ माघ

रौतहट फतुवा विजयपुर नगरपालिकाको नगर सभा आगामी फागुन ३ गते गर्ने सहमति भएको छ । यसअघि कार्यपालिका बोर्ड बैठक बसेर नगर सभाको दिन तोक्न पटक-पटक लिखित सूचना पठाउँदा जनप्रतिनिधिबाट नै वेवास्ता गरेकाले समस्या आएको थियो । तर नगरपालिकामा कार्यवहाक मेयर अम्बेया खातुनको अध्यक्षतामा बसेको कार्यपालिका बोर्डको बैठकबाट दुई पक्षबीच लिखित सहमति भएसँगै नगर सभाको मिति तय गरिएको हो ।

नगरपालिकाको कार्यवाहक मेयर र असन्तुष्ट वडा अध्यक्षहरुबीच नगर सभा फागुनमा गर्ने सहमतिसँगै निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले बताए । उनका अनुसार नगर सभा हुन नसक्दा पालिकाको कामकाजमा समेत असर परेको छ । तर आफुले कार्यवाहक मेयर खातुनको प्रयासमा सामाजिक सुरक्षा भत्ता भने वितरण गरिसकेको उनले जानकारी दिए । नगर सभा नहुँदा करिव ३ सय ५० जना शिक्षक तथा कर्मचारीले हालसम्म तलब पाउन सकेका छैनन् । फतुवा विजयपुर नगरपालिकामा नेपाली कांग्रेस पार्टीका मेयर, उपमेयर, ७ जना वडा अध्यक्ष र ८ जना मनोनित गरी १७ जना र अन्य दलका ४ जना वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत गरी कुल २१ जना नगर कार्यपालिका बोर्डका सदस्य छन् । कांग्रेस पार्टीका निर्वाचित ७ जना वडा अध्यक्ष र ८ जना कार्यपालिका सदस्यले असन्तुष्ट जनाउँदै आएपछि नगर सभा तोकिएको समयमा हुन नसकेको हो । गत असार १० गतेभित्र हुने नगर सभा हालसम्म नभएको कारण फतुवा विजयपुर नगरपालिकाको कार्यलयको काम प्रभावित भएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/२८ मा दर्ता भएको **प्रा.लि. नं. १८३६८१/०७४/०७५** को **वन्डरलस्ट योगा प्रा.लि.** को मिति २०८०/१०/१८ मा बसेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**बिजुलि बजार, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०४/०३ मा दर्ता भएको **मनिला बहुउद्देश्यीय कृषि फार्म प्रा.लि. (प्रा.लि. नं. २६४७६५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## कतारमा रोजगार

कम्पनी: AL DEERA COMMERCIAL REAL ESTATE COMPANY
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२६५ LT. No.: 299314

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GREEN TARA CONTRACTING AND SERVICES
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२६६ LT. No.: 299274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Supervisor | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Executive Sales | 1 | 0 | | 2100 | ७६,२९३ | | | | | | | |
| 3. | Gen.clean Worker | 0 | 2 | | 1000 | ३६,३३० | | | | | | | |
| 4. | Mason | 1 | 0 | | 1100 | ३९,९६३ | | | | | | | |
| 5. | Purchase Manager | 1 | 0 | | 5700 | २०७,०८१ | | | | | | | |
| 6. | Secretary | 0 | 1 | | 2100 | ७६,२९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २७ गते (10 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९६८/०६७/०६८
Radium International Employment Services Pvt. Ltd.
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

## युएई र साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनी: AL MUHANAD ELECTROMECHANICAL WORK LLC
शहर: UAE
पुर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२६७ L.T. No.: 299393

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ductman | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 50 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |
| 3. | Plumber | 30 | 0 | | 1200 | ४३,२७२ | | | | | | | |

अन्तर्वार्ता नाइल इन्टरनेशनल टेक्निकल ट्रेनिङ सेन्टर, काठमाडौंमा २०८० माघ २७ गते (10 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८० माघ २७ गते (10 February 2024) मा हुनेछ ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २८ गते (12 February 2024) मा हुनेछ ।

कम्पनी: Essa Rashed Al Owaidan Company for Contracting
शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०८/२७ चलानी नं.: ६०२११४७३ L.T. No.: 296451 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING &UNLOADING WORKER | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

